# जैमिनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कुश्मीसेरा, बागलुङ

गण्डकी प्रदेश नेपाल

पत्र संख्याः २०७९/०८०

मिति २०७९/०६/१४

च. न

**बिषयः सार्बजनिक यातायातको भाडादर कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत बिषयमा जैमिनी नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका सार्वजनिक यातायातका साधनहरु (जिप, पिकअप र बस आदी) ले सामाग्री ढुवानीका अतिरिक्त चर्को भाडादरमा असुरक्षित यात्रा गराई रहेको भन्ने जनगुनासो प्राप्त भैरहेको सन्दर्भमा मिति २०७९।०६।१३ गतेका दिन नगरप्रमुख ज्युको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय, यातायात व्यबस्था कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय, बागलुङका प्रतिनिधि सहितका सरोकारवालाहरुको यातायात व्यबस्थापन समन्वय बैठकबाट दशैं, तिहार लगायतका चाडपर्व समेतलाई लक्षित गरी मिति २०७९।०६।१५ गते देखि लागु हुनेगरी तपसिल बमोजिम भाडादर कायम गर्ने निर्णय भएकोले सम्बन्धित सवारी धनि, वडा कार्यालय, नियामक निकाय र यात्रु समेतले सुरक्षित र भरपर्दो यात्राका लागि सार्वजनिक सवारी साधनहरु संग आवश्यक समन्वय गरी निर्धारित भाडादर सहितको निर्णय कार्यान्वयन गर्नु गराउनुहुन जैमिनी नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

**तपसिल**

१. **जिप, पिकअपका लागिः**

  i. बागलुङ बजार देखि कुश्मीसेरा बजार सम्मको सडकमा प्रति कि.मी. रु १०
  ii. कुश्मीसेरा बजार देखि वडा स्तर सम्म जाने सडकमा प्रति कि.मी. रु. १५
  iii. कालिगण्डकी करिडोर सडक खण्डमा प्रति कि.मी. रु. १२

२. **बस का लागिः**

  i. बागलुङ बजार देखि कुश्मीसेरा बजार सम्मको सडकमा प्रति कि.मी. रु ८
  ii. कुश्मीसेरा बजार देखि वडा स्तर सम्म जाने सडकमा प्रति कि.मी. रु. १३
  iii. कालिगण्डकी करिडोर सडक खण्डमा प्रति कि.मी. रु. १०

नर बहादुर पुन
नगर प्रमुख